# नेपाल उद्योग वाणिज्य महासंघका सदस्य
# जिल्ला/नगर उद्योग वाणिज्य संघहरूसंगको भर्चुअल अन्तरक्रियाको विवरण

**अहिलेको अवस्थाः**

कोरोना भाइरस (कोभिड १९) का कारण उत्पन्न परिस्थिति र भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मुलुक गएको चैत्र ११ गतेदेखि निरन्तर लकडाउन (बन्दाबन्दी) को अवस्थामा छ । विश्वनै कोभिडबाट आक्रान्त छ भने यसबाट नेपालमात्र अछुतो रहने कुरा भएन । यो रिपोर्ट तयार गरून्जेलसम्म कोभिड संक्रमणका कारण हालसम्म बिश्वभर ५३ लाख मानिस संक्रमित मध्ये २१ लाख ६० हजार निको भएका छन् भने ३ लाख ४० हजारको मृत्यु भएको छ । विश्व अर्थतन्त्रमा अर्बौ डलरको क्षती भै सकेको आंकलन गरीरहँदा नेपाली अर्थतन्त्रले पनि १ खर्ब ६८ अर्ब गुमाइसकेको राष्ट्र बैंकको प्रारम्भिक अनुमान छ । संक्रमण जती फैलिँदै जान्छ र लकडाउन जती लम्बिदै जान्छ त्यति धनजनको क्षति अझ बढदै जाने सम्भावना रहन्छ । बन्दाबन्दी कति रहने र अर्थतन्त्रले कति क्षति व्यहोर्नुपर्ने हो त्यसको अहिलेनै कुनै अनुमान गर्न सकिने अवस्था छैन ।

कोभिडका कारण उद्योग व्यवसाय क्षेत्रले भोग्नु परेको समस्या एवं मुलुकको अर्थतन्त्रमा हुन सक्ने क्षतिका विषयमा निजी क्षेत्रका प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघले नेपाल सरकारमा विभिन्न समयमा विभिन्न माध्यमबाट जानकारी गराउँदै आएको छ । चालुबर्ष देशको आर्थिक वृद्धि ८.२% हुने प्रक्षेपण गरिएतापनि लकडाउनको कारण २% मा झर्ने आंकलन गरिएको छ र अवस्था यही रहे नकारात्मकतिर जाला भन्ने आशंका बढदो छ । यो तथ्यले लकडाउनका कारण सबै क्षेत्रलाई असर गरेको प्रष्ट हुन्छ । महासंघले अर्थतन्त्रलाई बचाई पूनः जीवन दिन लिखित सुझावहरू समेत पेश गरेको छ । अर्थतन्त्रलाई बचाउन सरकारले लिनुपर्ने नीति, नियम र अपनाउनु पर्ने अन्य बिधिका बारे महासंघले विज्ञहरूको समेत सल्लाह सुझाव र परामर्शमा तयार पारेको दस्तावेज समेत बुझाई सकेको छ ।

अत्यन्त चुनौतिपूर्ण यस घडिमा मुलुकभित्र संचालित उद्योग व्यवसायका वास्तविक समस्या र उनीहरूले अहिले भोगिरहेको पीडाका साथै लकडाउन पछि हुन सक्ने समस्याहरूमा प्रत्यक्ष संवाद गरि अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेका ससाना उद्यमी व्यवसायीहरूको समस्या बुझी उनीहरूका समस्या संवोधनमा सरकारलाई सहयोग पुगोस भन्ने उद्देश्यले महासंघले यही वैशाख ३१ गतेदेखि निरन्तर ९ दिनसम्म अर्थात जेष्ठ ८ गतेसम्म मुलुकभरका उद्योगी व्यवसायीहरूसंग भर्चुअल बैठक गरेको थियो । कोभिडबाट उत्पन्न कठिन अवस्थाका कारण महासंघको ५४ औं वार्षिक साधारण सभा पनि समयमै सम्पन्न हुन नसकी पछि धकेल्लिरहेको अवस्थामा महासंघको सदस्य संघ/संस्थाहरूसंघ प्रत्यक्ष छलफल, संवाद र बैठक समेत रोकिन गएको परिस्थितिमा महासंघको जिल्ला/नगर उद्योग वाणिज्य संघ परिषदको बैठक समेतको रूपमा यो बैठक चालु भएको थियो ।

महासंघका अध्यक्ष श्री भवानी राणाज्यूको प्रमुख आतिथ्यता एवं महासंघको जिल्ला/नगर उद्योग वाणिज्य परिषद्का सभापति एवं उपाध्यक्ष किशोरकुमार प्रधानको अध्यक्षतामा उक्त भर्चुअल बैठक निवर्तमान अध्यक्ष श्री पशुपति मुरारकाज्यू, विशिष्ट सदस्य एवं पूर्व अध्यक्ष श्री चण्डिराज ढकालज्यू, वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाज्यू, उपाध्यक्षहरू श्री उमेशलाल श्रेष्ठज्यू, श्री चन्द्र प्रसाद ढकालज्यू, कोषाध्यक्ष श्री निरक केसीज्यूको विशेष सहभागितामा सम्पन्न भयो । परिषदको भर्चुअल बैठकमा परिषद्का उपाध्यक्ष श्री दिनेश श्रेष्ठज्यू, परिषदका सदस्यज्यूहरू,

महासंघका कार्यकारिणी समितिका सदस्यज्यूहरू, आमन्त्रित सदस्यज्यूहरू, १०५ वटा जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूका साथै पदाधिकारीज्यूहरू, महासंघका प्रदेशका अध्यक्षज्यूहरू गरी २ सय जना **(संलग्न सूची अनुसार)** उद्यमी व्यवसायीको प्रत्यक्ष सहभागिता रहयो ।

९ दिनसम्म चलेको जम्मा ४० घण्टाको छलफल कार्यक्रममा मुलुकभित्रका उद्योग व्यवसाय संचालन गर्न हाल भोग्नु परेका समस्या, पीडा र अन्यौलताका विषयमा यथार्थ जानकारी गराई संकटको यो घडिमा उद्योग व्यवसाय र अर्थतन्त्र जोगाउन गर्नुपर्ने उपायहरूका वारेमा सबैबाट सुझाव लिने दिने काम भएको छ । सरकारबाट बजेट मार्फत देशका जनताहरूलाई राहत दिने, अर्थतन्त्रलाई चलायमान बनाउन हाम्रा सुझावहरु संवोधन हुने र निजीक्षेत्रलाई संगै लिएर जानेमा निजी क्षेत्र आशा गर्दछ । छलफलमा आएका सुझावहरूमा संबोधन नभएमा मेचीदेखि महाकालीसम्मका निजी क्षेत्र बाध्य भएर सडकमा आउनुको विकल्प नहुने कुरामा समेत सबैको ऐकमत र ऐक्यवद्धता रहयो ।

उक्त छलफलमा व्यक्त विचारहरू र आएका महत्वपूर्ण सुझावहरूलाई देहायका वुँदाहरूमा समेट्दै व्यवसायीहरूले भोग्नु परेका समस्या तथा निराकरणका लागि प्राप्त सुझावहरू समेतलाई वुंदागतरूपमा प्रस्तुत गरि उक्त बिषयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गरिनेछ । प्राप्त बिचार एवं सुझाबहरू महासंघको लागी आगामी दिनहरूमा व्यवसायी, उद्योगीहरूको हक हितमा काम गर्न मार्गदर्शक समेत हुने हाम्रो विश्वास छ । कोभिडको वर्तमान समस्याको समाधान लकडाउनमात्र होइन र अव कोभिडसंग जीउन सिक्दै सुरक्षाका उपायहरू अबलम्बन गरी उद्योग व्यवसाय शुरू गर्दै अर्थतन्त्रलाई चलायमान बनाउंनै पर्ने बिचार पनि ब्यक्त भए ।

**विषय प्रवेशः**

कार्यक्रमका सभापति एवं महासंघको जिल्ला/नगर उद्योग वाणिज्य संघ परिषद्का सभापति एवं उपाध्यक्ष किशोरकुमार प्रधानले भर्चुअल बैठक सहित परिषद्को बैठकका एजेण्डा सहित कोभिडको कठिन घडीमा बैठकको आवश्यकताका विषयमा जानकारी गराउंदै कार्यक्रममा सवैको अर्थपूर्ण सहभागिताको अपेक्षा गरेको बताउनु भयो ।

**विशेष संवोधनः**

महासंघका अध्यक्ष श्री भवानी राणाज्यूले कोभिडको महामारीमा मुलुकको उद्योग व्यवसाय सहित समग्र अर्थतन्त्रको संरक्षण सहित अर्थतन्त्रको पुनरूत्थानका लागि सरकारले ल्याउनु पर्ने प्याकेजका सम्बन्धमा महासंघले निरन्तर पहल गरीरहेको जानकारी गराउंदै अन्तरसंवाद सहित परिषद्को बैठकको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । महासंघको मुटुको रूपमा रहेका जिल्ला नगर उद्योग वाणिज्य संघहरू स्थानीय समस्या सुनेर त्यसलाई डकुमेन्टको रूपमा तयार गरी सरकारलाई बुझाउने विश्वास समेत उहांले दिलाउनु भयो ।

**शुभकामना मन्तव्यः**

महासंघका निवर्तमान अध्यक्ष श्री पशुपति मुरारकाज्यू, विशिष्ट सदस्य एवं पूर्व अध्यक्ष श्री चण्डिराज ढकालज्यू, वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाज्यू, उपाध्यक्षहरू श्री उमेशलाल श्रेष्ठज्यू, श्री चन्द्र प्रसाद ढकालज्यू, कोषाध्यक्ष श्री निरक केसीज्यूले सम्पूर्ण उद्योग व्यवसायनै कोभिडबाट नराम्ररी प्रभावित भैरहेको अहिले कठिन अवस्थामा जिल्ला उवासंघका पदाधिकारी मार्फत स्थानीय समस्या सुनि त्यही आधारमा उद्योग व्यवसायको संरक्षणका लागि गर्नुपर्ने तयारीका विषयमा कार्यक्रमले एउटा मार्गनिर्देश गर्ने अपेक्षा गर्दै भर्चुअल बैठकको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभयो । साथै उहांहरूले महासंघबाट कोभिड पश्चात मुलुकभित्र उद्योग व्यवसायको संरक्षण, उद्योग व्यवसाय संचालन गर्न सरकारले गर्नुपर्ने सहयोगका विषयमा महासंघका तर्फबाट निरन्तर पहल भैरहेको पनि जानकारी गराउनु भयो ।

**विषय प्रस्तुतः**

भर्चुअल बैठक एवं परिषद बैठकको सभापतित्व गर्नुभएका जिल्ला नगर उद्योग वाणिज्य परिषदका सभापति एव महासंघका उपाध्यक्ष श्री किशोर प्रधानज्यूले छलफलका विषयवस्तु प्रस्तुत गर्दै सहभागीहरूलाई धारणा सहित सुझाव राख्न अनुरोध गर्नुभयो । तत्पश्चात सहभागी उद्यमी व्यवसायीहरूले विषयगत रूपमा व्यक्त धारणा एवं अहिलेको कठिन अवस्थामा उद्योग व्यवसायलाई बचाई समग्र अर्थतन्त्रलाई गम्भीर दूर्घटनाबाट बचाउन राख्नु भएका सुझाव एवं मागहरूलाई यहां प्रस्तुत गरिएको छ ।

**छलफलका विषय/व्यक्त धारणा/सुझावहरूः**

**मुख्य विषयहरूः**

१) बैंक तथा वित्तिय समस्या
२) श्रमिक/कामदार तलव, पारिश्रमिक
३) कर/राजस्व
४) विद्युत महशुल
५) घरभाडा,
६) राहत प्याकेज
७) अनुगमन/जरिवाना/म्याद गुज्रेका सामान
८) सरकारी निकाय बीच समन्वय
९) कृषि उत्पादनको संकलन/मल वीउविजन
१०) अन्य विविध

उपरोक्त बूंदाहरूमा छलफलका क्रममा आएका समस्या तथा सुझावहरूः

**१) बैंक तथा वित्तिय समस्याः**

लकडाउनको समयदेखि उद्योग व्यवसाय ठप्प छन् । तर बैंक तथा वित्तिय संस्थाहरूको ब्याजको घडी चलीरहेकै छ । उनीहरूको आम्दानी बढीरहेको छ । किस्ता, ब्याज, पेनाल, शुल्क असुलिरहेका छन । यो बन्दको अबस्थामा पनि सामान्य अबस्था झै कर्जा तिर्न ताकेता गर्ने, ब्याज नतिरी कर्जा नबिकरण नगर्ने, नियमन निकायको निर्देशनलाई

बिभिन्न बहानामा कार्यान्वयन नगर्ने गरिएको अवस्था छ । लकडाउन पश्चात बैंक र बित्तियसंग सम्बन्धित निकै धेरै समस्या उठेका छन् । उद्योग व्यवसाय संचालन नहुंदा उद्यमी व्यवसायीहरूको आम्दानी ठप्प छ । उद्योगी व्यवसायीप्रति बैकिङ क्षेत्रबाट व्यक्त धारणाहरू आपत्तिजनक छन् । उद्योग व्यवसाय ठप्प रहंदा पनि बैक तथा वित्तिय संस्थाहरूबाट उद्यमी व्यवसायीहरू व्याज तथा किस्ता तिर्न वारम्वार दवाव आउने गरेको छ । यसले उद्यमी व्यवसायीहरूमा तनाव सृजना भएको छ । यस्तो वेलामा पनि बैंकहरूले सर्भिस चार्ज र नविकरण शुल्क लिने गरेका छन् । बैंकहरूको यस्तै दवाव आइरहे उद्यमी व्यवसायीहरू आत्महत्या गर्ने, पलायन हुने अवस्था सम्ममा पुग्नेछन् । लकडाउनको अवस्था लामो समयसम्म रहे बैंक तथा वित्तिय संस्थाहरुबाट लिएको ऋणको ब्याज, किस्ता तिर्न सक्ने अवस्था हुनेछैन । बैंकहरूले अनुमति विना खाताबाट पैसा तान्ने गरेका छन । यस्ले तत्काल खर्च गर्नुपर्ने, श्रमिक कर्मचारीहरूलाई तिर्नु पर्ने रकम अभाबमा दिन नसकेको अवस्था छ । बिना कसैको कारण आजको यो अवस्था सृजना भएकोले लकडाउनको अवधिको व्याज मिन्हा हुनुपर्छ । बैंक व्याज तथा किस्ता तिर्ने समय थप हुनुपर्ने । निजी क्षेत्रले अधिकार खोजको हो राहत लिन खोजेको होइन । यो समयमा र भोलि लकडाउन पछि तरलता व्यवस्थापन सवैभन्दा महत्वपूर्ण कुरा हुने भएकाले यसको समाधानमा सवैको ध्यान जानु जरूरी छ भन्ने कुराहरु आएका थिए ।

**बुँदागत मागहरू:**

- १ करोडसम्म ऋण हुनेहरूको ५० प्रतिशत व्याज मिनाहा हुनुपर्ने ।
- सबै कर्जाको ब्याज दर एकल अंक भन्दा बढी हुनु नहुने । बैंकहरूको खर्च कम गरी, संगठित निक्षेप ब्याज दर कमगरी बेस रेट घटाइ ६% मा कर्जा पाउनु पर्ने । स्पेर्ड दर बढीमा ३% गरीनु पर्ने ।
- नियमन निकायले चौथो त्रैमासको ब्याज २% को छुट सबै कर्जा शीर्षकमा सबैले पाउनु पर्ने । बेस रेटमा कर्जा उपभोग गर्ने र अन्य उद्योगहरू पनि पूर्ण क्षमतामा नचलेको यथार्त हुदा यो छुट सबैलाई दिनुपर्ने ।
- चैत्रमासमा बुझाएको र काटेका सबै शीर्षकको ब्याजमा १०% छुट हुनु पर्ने ।
- व्यवसाय संचालनको पौष मसान्तसम्म नियमित कर्जावालाहरूले आफ्नो आबश्यकताका आधारमा बिना थप धितो हाल भैरहेको सबै कर्जा सिमामा २०% सम्म सरल र सहज रूपले सबै शाखाबाट समेत स्वीकृती दिन सक्ने गरी कम ब्याज दरमा एक पटकका लागी १२० दिनका लागी थप कर्जा दिनु पर्ने ।
- साना उद्योगी र ब्यबसायीहरूले समेत पाउने गरी ५% ब्याजदरमा पुनरकर्जाको व्यवस्था हुर्नुपर्ने ।
- सबै शीर्षकका कर्जाहरूको म्याद कम्तिमा आगामी २ वर्षसम्मको थप गरी बैंकहरूको आधार दर बराबर व्याज कायम गरी कर्जा पाउनु पर्ने ।
- बैंकहरूले लिंदै आएको सेवा शुल्क, नविकरण शुल्क यो अवधिमा खारेज गर्नुपर्ने ।
- किस्ता तिर्नु पर्ने सबै कर्जा चुक्ताका लागि पुनतालिकीकरणको व्यवस्था हुनुपर्ने ।
- उद्योगी व्यवसायीहरूले गर्ने व्यवसायसंग सम्बन्धित विमाको प्रिमियम भुक्तानीमा ५० प्रतिशत छुटको व्यवस्था हुनुपर्ने ।
- कर्जा नलीई कारोवार गरीरहेका साना उद्योगी,ब्याबसायीहरूलाई सम्बन्धित संघ संस्थाको शिफारिसमा न्यूनतम ब्याजदरमा बढीमा २० लाखसम्मको विना धितो

कर्जाको व्यवस्था गर्नुको साथै नगद तरलता अभाव नहुनको लागि उद्योगबाट उत्पादित वस्तुलाईनै धितो राखेर कर्जा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने ।

- डेब्ट इक्यूटी रेस्यू, वाचफूल लिष्ट र ल्बाक लिष्ट गर्ने प्रक्रिया कम्तिमा आगामी २ बर्षका लागी रोकिनु पर्ने ।
- संक्रमणका कारण बन्द भएका लामो समयसम्म गम्भिर असर पर्ने पर्यटन, यातायात, होटल, पोल्ट्री, रिजोर्ट आदी क्षेत्रका लागि बिशेष सहुलियत सहित न्यून दरमा आगामी ५ बर्षका लागि कर्जा नबिकरण र किस्ता तिर्ने समय पूनराबलोकन हुनुपर्ने ।

**२) श्रमिक/कामदार कर्मचारी तलब, पारिश्रमिकः**

सबै उद्योग व्यवसाय ठप्प छन् । महामारीले सिर्जना गरेको विषम परिस्थिति र लक डाउनका कारण उद्योग व्यवसाय क्षेत्र दिन प्रतिदिन समस्याग्रस्त र धराशायी हुंदै गएका छन् । यो स्थिति लम्बिदै गयो भने धेरै जसो उद्योग व्यवसाय थला पर्ने र पुन संचालनमा आउन कठिन हुने देखिन्छ । यसबाट रोजगारी गुम्ने स्थिति आई मुलुक थप संकटमा जाने देखिन्छ । कतैबाट सहयोग समेत नभएकाले यस अवधिको पारिश्रमिक दिन सक्ने स्थितिमा उद्योगी व्यवसायीहरू छैनन । जोखिम मोलेर उद्योग व्यवसाय संचालन गरी आ-आफ्नो स्थानबाट निरन्तर सहयोग गरिरहंदा पनि निजी क्षेत्रको कदर गर्न समेत सरकार चुकेको छ । सरकारबाट सहयोग भएन भने वैशाखसम्म जसोतसो आधा तलव दिएपनि जेठदेखि नो वर्क नो पेमा जानु पर्दछ । श्रम मन्त्रालयले तलव दिएको छ कि छैन भनेर स्पष्टीकरण सोध्ने कार्यको विरोध गर्नुपर्छ । काम गर्ने कामदार कर्मचारीलाई तलव दिन सकिने तर काम गर्न नआउनेलाई तलव दिन सकिने अवस्था छैन । अत्यावश्यक उद्योग व्यवसाय संचालन गर्न पनि मजदूरहरूको अभाव रहेको छ । मजदूरहरूलाई उद्योग प्रतिष्ठानमै राखेर उद्योग संचालन गर्न व्यवहारिक छैन । लकडाउन खुला भएपश्चात पनि निजी क्षेत्रले आफ्ना कर्मचारी श्रमिक कामदारहरूको तत्काल पारिश्रमिक भुक्तान गर्न सक्ने अवस्था रहन्न ।

**बुँदागत मागहरू:**

- कामदार कर्मचारीहरूलाई बन्द अवधिको काम नगरेको समयको पारिश्रमिक सरकार, रोजगारदाता र श्रमिक गरी प्रत्येकले ३३/३३% ब्यहोर्नु पर्ने । यसो हुन सकेमा श्रमिक कर्मचारीहरूलाई रोजगारदाताहरूबाट ५० प्रतिशतभन्दा बढी पारिश्रमिक भुक्तानी गर्न नसकिने भनि दिएको सुझाव भन्दा पनि बढी अर्थात ६६ प्रतिशत हुन आउने छ ।
- रोजगारदाताले उद्योग व्यवसाय चलाउने, साइज डाउन गर्ने, क्षमता घटाउने वा बन्द गर्ने स्वतन्त्र हुनु पर्ने ।
- नो वर्क नो पे लागू हुनु पर्ने ।
- प्रतिष्ठानस्तरमा प्रत्येक दुई/दुई वर्षमा हुने सामुहिक सौदावाजी एक वर्षका लागि स्थगित गर्ने । अर्थात आगामी चैत्र मसान्तसम्मको अवधिमा प्रतिष्ठानस्तरमा कुनै पनि सामूहिक सौदावाजी नगर्ने ।

**३) कर/राजस्वः**

लकडाउनका अवधिमा सवै उद्योग व्यवसाय बन्द छन् । उद्योग व्यवसाय तत्काल चल्ने र लकडाउन खुला भएपनि सामान्य अवस्थामा आउन उद्योग व्यवसायलाई केहि समय लाग्ने भएकाले निजी क्षेत्रले सरकारलाई वुझाउनु पर्ने सबै कर राजस्व वुझाउन सक्ने अवस्था छैन । उद्योग व्यवसाय चौतर्फी रूपमा समस्यामा छन् । यस्तो अवस्थामा राज्यका तर्फबाट आवश्यक सहयोग नगर्ने हो भने यो क्षेत्र उठनै नसक्ने गरी थला पर्ने निश्चित छ । अन्य राष्ट्रहरूले जस्तै नेपाल सरकारले पनि उद्योग व्यवसाय क्षेत्रका लागि पुनरूत्थान प्याकेज नल्याई अव उद्योग धन्दा चल्न सक्दैनन । निजी क्षेत्र चल्न सक्यौ भने निजी क्षेत्र बाच्यौ भने सरकारको राजस्व ढुकुटी भर्ने काममा निजी क्षेत्रको सदैव सहयोग रहने छ । निरन्तर कर तिरीरहेका उद्यमी व्यवसायीलाई अन्य देशहरूले जस्तै सरकारले पनि करका दरहरूमा छुट दिनु पर्दछ । राज्यले जनताहरूलाई राहत दिने भनेकै करको माध्यमबाट हो ।

**बुँदागत मागहरूः**

- करको दायरा बढाउनु पर्ने ।
- साना करदाताले बुझाउनुपर्ने आयकरमा शतप्रतिशत मिनाहा हुनुपर्ने ।
- स्थानीय निकाय तथा नेपाल सरकारले लिने बहाल कर न्यून गर्नुपर्ने ।
- व्यक्तिगत र संस्थागत आयकरमा २० प्रतिशत छुटको व्यवस्था हुनुपर्ने ।
- सर्वसाधारणको क्रय शक्ति बढाउन मुअकर दर १० प्रतिशत बनाउनु पर्ने ।
- चार महिनासम्म मिलान हुन नसकेको मु.अ.कर फिर्ता गर्नुपर्ने ।
- बजारमा तरलता बृद्धिका लागी सरकारमा बढी जम्मा भएका अग्रीम आयकर, मु.अ.कर फिर्ता हुनु पर्ने ।

**४) विद्युत महशुलः**

बिजुलीको महशुल पनि उद्योग, व्यवसाय, कम्पनी, फर्मको लागतको एक महत्वपूर्ण हिस्सा हो । लकडाउन अवधिदेखिनै उद्योग व्यवसाय बन्द छन् । उद्योग व्यवसाय बन्द भएपनि उद्योगीले विद्युत प्राधिकरणलाई डिमाण्ड चार्ज बुझाउन ताकेता भैरहेको छ । उद्योगी व्यवसायी त्यस्तो चार्ज तिर्न सक्ने परिस्थितिमा छैनन । अहिले उद्योगहरू बन्द छन् । उद्योग व्यवसायले विद्युत प्रयोग पनि गरेका छैनन । व्यवसायिक लागत कम गर्न विद्युतको महसुल कम गरी, डिमाण्ड चार्ज हटाइ राहत दिन सरकारले सहयोग गर्नुपर्छ ।

**बुँदागत मागहरूः**

- बन्द अवधिको विद्युत डिमाण्ड चार्ज मिन्हा हुनुपर्ने ।
- सर्बसाधारण जनताले बिद्युत उपभोग बढाउन, स्वदेशी उत्पादन लागत धटाउन विद्युत महशुल दर कम गर्नु पर्ने ।
- विजुलीको महशुल तिर्ने समय लकडाउन खुलेको तीन महिनाको लागि पछाडी सार्नुपर्ने ।
- विजुलीको महशुलमा पन्ध्र महिनासम्म २० प्रतिशत छुटको व्यवस्था गरिनुपर्ने

### ५) घर, गोदाम, भवन भाडाः

लकडाउने सम्पूर्ण आर्थिक गतिविधि ठप्प छ । यसले घरभाडाका विषयमा निकै ठूलो अन्यौलता छ । एकातिर भाडामा लिई व्यवसाय संचालन गरेका व्यवसायी समस्यामा छन् भने अर्कातिर घरधनी स्वयम् पनि समस्यामा छन् । घरभाडाका विषयमा सरकारले स्पष्ट निर्णय नल्याउंदा व्यवसायीहरूमा निकै ठूलो चिन्ता छ । कतिपय घरधनीको पनि त्यही घर आम्दानीको स्रोत भएको र त्यसैबाट बाँच्नु पर्ने, ऋण तिर्नुपर्ने लगायतका वाध्यता हुंदा कुनै एक पक्षलाई मात्र हेरेर घरभाडाका विषयमा निर्णय हुनु हुन्न । सरकारले घर भाडा नलिनु भनेपनि सरकारकै स्वामित्वका संस्था, औद्योगिक क्षेत्रहरूले भाडाका लागी ताकेता गरीरहेको अबस्था छ । पछि सरकारले मजदुरहरूको हकमा घरभाडा नलिन आग्रह गरेको छ । लकडाउन खुले लगतै घरभाडा, गोदाम भाडा तिर्न सक्ने अवस्थामा उद्यमी व्यवसायीहरू हुने छैनन् ।

**बुँदागत मागहरूः**

- लकडाउन अवधिको औद्योगिक क्षेत्रमा संचालित उद्योगहरूको बहाल रकम मिन्हा हुनुपर्ने ।
- घर धनी र घर कवल भाडामा लिई व्यवसाय संचालन गरीरहेका दुवै पक्षलाई मर्का नपर्ने गरी सरकारले निर्णय गरी व्यवस्था गरी राहत दिनुपर्ने ।
- ब्याज तिर्नु पर्ने र बहालमात्र आम्दानीको श्रोत हुने घर धनिलाई ब्याजमा अनुदान र करमा छुट हुनु पर्ने ।

### ६) उत्प्रेरणात्मक (Stimulus) प्याकेजः

निरन्तर लकडाउनका कारण सर्बसाधारणको आय बन्द भएका छन । व्यक्तिको खरिद गर्ने शक्तिमा ह्रास आएको अवस्था छ । उद्योग व्यवसाय ठप्प हुंदा उद्योग व्यवसाय संचालन गर्ने पूँजी अभाव छ । उद्योग व्यवसाय चालु भए सामान बजारमा जान्थ्यो पैसाको आदान प्रदान बढ्थ्यो । अहिले सवै बन्द हुंदा व्यवसायीहरूमा तरलताको अभाव छ । लकडाउन अघि भन्दा पनि लकडाउन पश्चात अझ धेरै चुनौती आउने देखिन्छ । सरकारले सर्बसाधारणको आय बढाउन, क्रय शक्ति बृद्धि गर्न, अर्थतन्त्र चलायमान बनाउन सर्बसाधारण जनताका लागी र ससाना उद्योगी व्यवसायी लक्षित राहतका प्याकेजहरू तत्काल ल्याउनु जरूरी छ । निजी क्षेत्रले सहयोग मागेको हो राहत मागेको होइन । अहिले व्यापार व्यवसाय ठप्प रहेको वेलामा प्याकेज कार्यक्रम मार्फत सहयोग गरेमा भोली उद्योग व्यवसाय संचालनपछि हुने कमाईबाट उद्योग व्यवसायले सरकारलाई फिर्ता गर्ने छन् । निजी क्षेत्रलाई अप्ठेरो पर्दा सहयोग गर्नु सरकारको प्रमुख दायित्व पनि हो । निरन्तर सरकारलाई सहयोग गर्दै आएको निजी क्षेत्रलाई अकल्पनीय रूपमा आएको यो परिस्थितिमा सहयोग गरी अर्थतन्त्रलाई बचाउनु सरकारको प्रमुख जिम्मेवारी हो ।

**बुँदागत मागहरूः**

- नेपालको कुल ग्रार्हस्थ उत्पादन (जिडिपि) को कम्तिमा ५% प्रतिशतका राहत प्याकेज घोषणा हुनु पर्ने ।
- सर्वसाधारण जनताहरूको स्वरोजगार सृजनाका लागी बिउँ पूँजीका रूपमा साना साना घरेलु उद्योगीहरू र व्यवसायीहरूका लागी परियोजना धितो राखी, सामूहिक

जमानिमा वा व्यवसाय उत्पादनको आधारमा रू. ५० हजारसम्मको केही अनुदान केही १-२ % व्याज दरमा ऋण दिनु पर्ने ।

- साना साना स्वरोजगार बनेका हाल बेरोजगारहरूलाई पून काममा लाग्न जिल्ला उद्योग वाणिज्य संघहरूको सहकार्यमा प्रशिक्षण, तालीम संचालन हुनु पर्ने ।
- यो बिषम परिस्थितिमा राहत दिन करदाताहरूले बुझाएको करका आधारमा केहि प्रतिशत रकम फिर्ता दिनु पर्ने ।

**७) अनुगमन/जरिवाना/म्याद गुज्रेका सामान :**

लकडाउनको अवधिमा देशभरका उद्योग बाणिज्य संघहरूले जिल्लाहरूमा उद्यमी व्यवसायीहरू र स्थानिय निकाय, सरकारी प्रशासनसंग समन्वय गरी अत्यावश्यक बस्तुहरूको सहज आपूर्ति ब्यबस्था गरेका छन । देशभरकै उद्योग बाणिज्य संघहरू राहतहरु गच्छे अनुसार नगद, स्वास्थ्य र खाद्य सामाग्रीहरू साथै निःशुल्क भोजन बितरण गरेका छन । खुल्ला सिमानाका क्षेत्रका साथीहरूले सिमाबाट प्रबेश गरेकालाई ब्यबस्थित गर्ने, खाना, पानी निःशुल्क दिएर गन्तब्य पठाउने सम्मका कार्य स्वेच्छिक रूपमा गरेका छन । यी सहयोग बारे छुट्टै बिबरण संकलन गरीदैछन् । बिभिन्न जिल्लाहरूमा स्थानीय प्रशासनबाट गरीने अनुगमनमा सहकार्य गरी जिल्लामा आपूर्ति सहज गर्न खाद्यको मौज्दात विवरण राख्ने, अग्रभागमा रही सेवा गर्ने बिक्रेताहरूलाई सचेतनाका कार्य समेत गर्दै आइरहेका छन् ।

लकडाउनका कारण पसल व्यवसाय पुरा समय संचालन गर्न नपाउंदा गोदाममा रहेका सामानहरू समयमा बजार पुग्न सकेका छैनन । पसलमा रहेका सामान पनि बेच्न पाइएको अवस्था छैन । साथै उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको अवस्था पनि त्यही छ। जसले गर्दा गोदाममा रहेका कारण कतिपय वस्तुहरूको उपभोग्य मिति सकिएको अवस्था छ । जसबाट उद्यमी व्यवसायीलाई करोडौंको नोक्सानी भैरहेको छ । यस्ता वस्तुहरू फिर्ता नभएमा व्यवसायीहरू डुव्ने स्थिति छ । उद्योगी व्यवसायीको कारण नभै महामारीका कारण भएकाले यसरी उपभोग्य मिति सकिएका वस्तुहरू उत्पादकबाट फिर्ता लिने कार्यका लागि सरकारले सहयोग गर्नुपर्छ ।

हाल बिद्यमान ऐनका अव्यबहारीक ब्यबस्थाहरूका कारण धेरै ठाँउहरूमा अनुगमनका नाममा विभिन्न वाहनागरी उद्योगी व्यवसायीहरू धरपकड थुनछेक साथै अत्यधिक जरिवानामा गरीरहेका छन । उद्यमी व्यवसायीहरूको मनोवल कमजोर पार्ने यस्ता गतिविधिहरू तत्काल अन्त्य रोकिनु पर्दछ ।

**बुँदागत माग :**

- उद्यमी व्यवसायीले पुऱ्याएको सेवाको कदर हुनुपर्ने ।
- बजार अनुगमन मर्यादित र सम्मानपूर्ण हुनुपर्ने । स्थानीय व्यवसाय अनुगमन स्थानीय उद्योग वाणिज्य संघको अनिवार्य उपस्थितिमा मात्र गरिनु पर्ने ।
- उपभोक्त हित संरक्षण ऐनको संशोधनका असहज ब्यबस्था सुधार हुनु पर्ने र जरीवानाहरू कम गर्नु पर्ने ।
- यो असहज समय म्याद गुज्रेका सामानहरू मौज्दातका आधारमा मात्र कारबाहि गरीनु हुदैन । म्याद गुज्रेको सामान एक्सप्यारी जोनमा राख्नु पर्ने तर राख्दा

राख्दैको अवस्थामा ग्राहकलाइ बिक्री नगर्दै दोषि करार गरी जरिवाना गरीनु गलत हो ।

- म्याद गुज्रेको सामान खुद्राबाट थोक र थोकबाट उत्पादक वा आयातकर्तालाई फिर्ता गर्न सरकारबाट सहयोग हुनु पर्ने ।
- नून र चिनीको अधिकतम खुद्रा मूल्य यथार्थ बनाइनु पर्ने ।
- जिल्ला/नगर उद्योग बाणिज्य संघहरूले उपभोक्ता हितका लागी तोकेका मूल्य सूचि अन्यथा मान्न नहुने ।
- स्थानीय निकायहरूले स्थानीय कर राजस्व संकलनमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार जिल्ला/नगर उद्योग वाणिज्य संघहरूलाई पनि संलग्न गराउने र सहकार्य वापत संघहरूको क्षमता विकासका लागि कम्तिमा २०% उनीहरूलाई उपलव्ध गराउनु पर्ने ।

**८) सरकारी निकाय बीच समन्वय :**

लकडाउन पछि बिस्तारै उद्योग व्यवसाय चलाउन सरकारले हालै अत्यावश्यक केहि उद्योग चलाउने निर्णय गरेको थियो । औषधी, खाद्यान्नका पसल खोल्न दिएका थिए । तर उद्योग, पसल पुग्न पास, आइडिमा अन्यौल थियो । कर्मचारी कार्यस्थल पुग्न, ग्राहक पसल पुग्न सहज भएन । तीनै तहका सरकार र प्रशासन बीच समन्वय नहुँदा उद्योग व्यवसाय चलाउन अन्यौलता उत्पन्न भएको छ । एउटा निकायले उद्योग व्यवसाय चलाउने भन्छ अर्कोले बन्द गर्ने भन्छ । स्थानीय प्रशासनको बेग्लै निर्णय आउंछ । सरकारका निकाय बीचबाटै पटक पटक बेग्लाबेग्लै निर्णय आउंदा उद्योगी व्यवसायीले उद्योग व्यवसाय चलाउने वातावरण बन्न सकेको छैन ।

**बुँदागत मागहरू:**

- बन्द मात्र समाधान होइन । अतः प्रयाप्त सुरक्षाका उपायहरू अबलम्बन गरी बन्द खुकुलो गर्दै बिस्तारै जोखिम नभएका र जोखिम कम भएका स्थानहरु मा बाहिर बाट प्रवेश निगरानी राख्दै बन्द खुकुलो बनाउनु पर्ने । आर्थिक कियाकलाप चलाउदै जानुपर्ने ।
- सरकार र बिभिन्न तहका अपरिपक्व निर्णय दोहरीन नदिन, सरकारी निकाय बीच एक आपसमा समन्वय गरी, निजी क्षेत्रको समेत सहभागीता र सहकार्यमा बन्द अवधीभर वा त्यसपछी पनि तत्काल उद्योग व्यवसाय संचालन, ढुवानी, पास जारी गर्ने लगायतका मुद्दाहरूलाई संवोधन गर्न एकद्वार व्यवस्था हुनुपर्ने ।
- अब आउँदा दिनहरू कोभिडसंग बाँच्नु पर्ने बिकल्प वाहेक अन्य नभएको हुँदा भौतिक दूरी कायम गरी व्यवसाय, उद्योग धन्दा चलाउदै जानु पर्ने ।

**९) कृषि उत्पादनः**

यतिखेर कृषिबाली थन्क्याउने र नयां बाली लगाउने समय हो । नेपाली उत्पादनहरू खेतमा कुहिएको अवस्था छ भने आयातित तरकारी घर भान्छामा पुगी रहेको छ । आफ्नै खेतवारीका तरकारी कृषि उपजलाई व्यवस्थित र सुरक्षित तवरले भण्डारण तथा विक्रीवितरण साथै बजार उपलब्धता हुन सकिरहेको छैन । वाली लगाउने समय समेत भएकाले सरकारले मल बीउ विजनको सुनिश्चितता गराउनु पर्छ । अहिले पनि मागभन्दा निकै कम मात्र मलखाद भण्डारमा रहेको कुरा आएको छ । समयमै सरकारले यसमा

ध्यान देओस । कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन सरकारले स्वदेशमा रहेका र कोभिडका कारण काम विहीन भई विदेशबाट स्वदेश फर्किएकालाई समेत ध्यानमा राखी पर्याप्त कार्यक्रम ल्याउनु जरूरी छ । यसका लागि करारखेतीलाई प्रभावकारी रूपमा अगाडी बढाउनु पर्छ । जसबाट काम विहीन भई स्वदेश फर्किएको लाखौं यूवालाई यसमा संलग्न गराउन सकिन्छ ।

**बुँदागत मागहरू:**

- कृषिउपज संकलन तथा विक्रीवितरण, उत्पादन विस्तारमा स्थानीय सरकार र निजी क्षेत्र सहकार्य गरेर बजार उपलब्ध गराइनु पर्ने ।
- निजी क्षेत्रलाई पनि मल, बिउ आयात गर्न दिई मलमा दिने अनुदान केहि कम गरी कृषकलाई सहज मल, बिउ आपूर्ति ब्यबस्था मिलाउनु पर्ने । ८ लाख टन मल मागमा २-३ लाख टन आयात सरकारी संयन्त्रले गरेको अबस्था छ । अतः निजी क्षेत्रलाई पनि लगानी गराई, प्रती इकाई अनुदान केहीकम गरी निजी क्षेत्र लाई पनि मल आयात गर्न दिई मलको हाहाकार सधैका लागी हटाउनु पर्ने ।
- कृषकले पाउने गरी, बढी उत्पादन गरे बढी अनुदान पाउने गरी कार्यक्रम आउनु पर्ने ।
- खाद्यान्न अभाब हुन सक्ने संभावित समस्याका लागी, सरकार, स्थानिय निकाय र प्रदेश सरकारहरू सबैले केहि परिमाणमा खाद्यान्न भण्डारण गरीनु पर्ने ।
- एक गाउँ एक उत्पादन, एक जिल्ला एक उत्पादन जस्ता विगतको सफल कृषि कार्यक्रमहरू जिल्ला नगर उद्योग वाणिज्य संघको सहकार्यमा अनुदान कार्यक्रम शुरु हुनु पर्ने ।
- कृषि प्राविधिकहरूको शिफारिशमा बाली पाकेट क्षेत्र निर्धारण गर्ने र त्यस्तो क्षेत्रमा करारखेती मार्फत व्यवसायिक कृषिमा जोड दिनुपर्ने र करार अनुसार परीक्षण कालभित्र संझौता बमोजिमको परिमाणमा उत्पादन गर्न नसकेमा त्यस्तो जग्गा फिर्ता लिनुपर्ने ।

**१०) विविधः**

मुलुकभरका उद्यमी व्यवसायीले मुलुकलाई अप्ठेरो पर्दा अग्रभागमा रहेर सहयोग गरेका छन् । चाहे बाढी पहिरो आउंदा होस, वा भुकम्प वा अहिलेको कोभिडको संकटमा निजी क्षेत्रले जहिले पनि अग्रभागमा रहेर सहयोग गर्दै आएको छ । विगतमा दन्दकालमा समेत सरकारको अनुपस्थिति रहेका वेला दुरदराजमा गएर निजी क्षेत्रले सहयोग गरेको इतिहास हामीसंग छ । अहिलेको कोभिडको महामारीमा पनि उद्यमी व्यवसायीहरूले ज्यानको वाजी समेत मारेर उद्योग वाणिज्य संघ मार्फत उनीहरको व्यक्तिगत मार्फत स्थानीय तहमा पसल व्यसाय संचालन, खाद्यान्न आपूर्ति, औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति, निःशुल्क भोजनको व्यवस्था, स्वास्थ्य सामग्री तथा राहत प्याकेज वितरण गरी सरकारलाई सहयोग गरेका छन् । सरकारले स्थापना गरेका राहत कोषमा लाखौं सहयोग गरेको छ तर सरकारले निजी क्षेत्रले गरेको सहयोगप्रति धन्यवादको एकशब्द खर्च पनि कन्जुस्याई गरेको छ । यसबाट निजी क्षेत्रमा एक किसिमको निराशा पैदा भएको छ । अर्थतन्त्रमा ६५-७० प्रतिशत योगदान रहेको निजी क्षेत्रलाई नजरअन्दाज गर्दा समग्र निजी क्षेत्र मर्माहत भएको छ । अर्कोतिर निजी क्षेत्रले

निरन्तर उठाउँदै आएको सार्वजनिक निजी साझेदारीको अवधारणा (PPP) लाई कुनै पनि सरकारले कहिलै पनि प्रभावकारी रूपमा लागू गर्ने प्रयत्न गरेन । निजी क्षेत्रको सुझाव अनुसार साझेदारीको अवधारणा लागू हुन सकेको भए सरकालाई यो अवस्थामा निकै ठूलो सहयोग पुग्ने हाम्रो विश्वास छ ।

**संबोधन गरीनु पर्ने अन्य मागहरूः**

- बजार बाँकी बक्यौता असुल गर्न कानुन बन्नु पर्ने । हालको सुरक्षित कारोवार ऐन मा प्रत्येक कारोवार प्रत्यक पटक दर्ता गर्नु पर्ने ब्यबस्था हटाइ, बिल बिजकमा दुबै पक्षको दस्तखत भए संझौता मानि निजि क्षेत्रको बक्यौता असूलीको ब्यबस्था हुनु पर्ने । भूक्तानी नभएको, गोडाममा रहेको सामानको स्वामित्व बिक्रेता हुनु पर्ने ।
- सेवाग्राही संग भौतिक सम्पर्क नहुने गरी सेवाग्राहीहरूलाई सहज अनलाइन सेवा दिन, दर्ता, नबीकरण, प्रमाणपत्र बितरण, प्रमाणिकरण गर्ने, का साथै सुरक्षित नगद भूक्तानीका लागी डिजिटल सिग्नेचरको प्रयोग मार्फत गरीनु पर्ने ।
- सिमित दायित्वको कानुनी ब्यक्तीका रूपमा कम्पनी दर्ता गर्ने सरकार ले असिमित दायीत्व श्रृजणा गर्ने सबै कानुन खारेज हुनु पर्ने ।
- बैंकले ब्यवसाय कालो सूचि राख्ने एकपक्षीय निर्णय हटाउनु पर्ने र कुनै एउटा कम्पनी नगद प्रवाह समस्याभए कम्पनी बचाउने भन्दा अरु राम्रा कम्पनी पनि कालो सूचि हुने ब्यबस्था तत्काल हटनु पर्ने ।
- करदाताको कर बुझाएको आधारमा भबिष्यको हुन सक्ने कुनै पनि जोखिमबाट बचाउन केहि प्रतिशत रकम स्वेच्छिक रूपमा फिर्ता दिने व्यवस्था हुनु पर्ने ।
- सम्पती करको दर धेरै न्यून राखी बैंक र एकीकृत सम्पती मूल्यांकन, एउटै दर हुने गरी बजार मूल्य हाराहारी मूल्यांकन हुनु पर्ने ।
- लकडाउन समयको बिमा जोखिम कम हुने हुदा बिद्यमान सबै बिमा पोलिसीहरूको म्याद थप हुनु पर्ने र नेपालको बिमा कम्पनीहरूको बिमा प्रिमियम दर कम गरीनु पर्ने ।